नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ३.२/०८०/८१
चलानी नं.:- ६०

मितिः २०८१/०१/३१
ने.सं.११४४ बछलाथ्व,

श्री रोजगार संयोजकज्यू,
स्थानीय तह सवै (७५३)

विषय : <u>बालश्रम निवारण सम्वन्धी कार्यको सम्पर्क व्यक्ति तोकीएको सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा बाल श्रम निवारण सम्वन्धी कार्यलाई थप प्रभावकारी वनाउनका लागि तपाईले हाल सम्पादन गर्दै आउनुभएको प्रधानमन्त्री रोजगार कार्यक्रमका अतिरिक्त तपशिलमा उल्लिखत कार्यसम्पादन गर्ने गरी तपाईं कार्यरत स्थानीय तहको बालश्रम निवारण सम्वन्धी कार्यको सम्पर्क व्यक्ति समेतको जिम्वारी प्रदान गरिएको व्यहोरा यस मन्त्रालयको मिति २०८१/०१/३० को (सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

<u>तपशिल</u>

१. आफु कार्यरत स्थानीय तहलाई बालश्रम निवारण सम्वन्धमा सुसुचित गर्ने,

२. बालश्रम मुक्त स्थानीय तह घोषणा सम्वन्धमा पालिकालाई **बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि,** २०७७ बारेमा जनकारी गराई कार्यन्वयनमा सहयोग गर्ने,

३. स्थानीय पालिकामा बालश्रम सम्वन्धमा भए गरेका कार्यहरुको बारेमा पालिकासँग समन्वय गरी प्रत्येक महिना प्रगति विवरण मन्त्रालयमा पठाउने,

४. मन्त्रालय र अन्य सहयोगी निकायहरुको स्थानीय पालिकासँग सम्वन्धित बालश्रम निवारण सम्वन्धी कार्यमा सहयोगी/सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने ।

<u>बोधार्थ</u>

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरवार, काठमाडौं ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोनः- ११४१
ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np